# समावेशी लोकतन्त्र - नेपालको सन्दर्भ



– बृषेश चन्द्र लाल

कुनै बेला क्रान्तिकारितापूर्ण व्यक्तित्व निर्माण गर्ने राम्रो र कामयाब साधनको रुपमा समाजवाद, समता र प्रगतिशीलताको नारा राजनीतिज्ञहरुको पहिलो छनौट भए जस्तै आजभोली राजनैतिककर्मीहरु '**समावेशी लोकतन्त्र**'संग मितेरी लगाउन थालेका छन् । समावेशी लोकतन्त्र हरेक भाषण, विचार गोष्ठी र कार्यशालाहरुको प्रमुख विषय बनिसकेको छ । यहाँ समाजवाद, समता, प्रगतिशीलता वा समावेशी लोकतन्त्र गलत हो भन्न खोजिएको कदापि होइन तथापि जसरी अधिकांश अवसरमा समाजवादको नाराको प्रयोग फगत राजनैतिक स्वार्थपूर्ति अथवा व्यक्तित्व निर्माणको प्रयोजनले गरियो तथा अधिकांश यस्ता क्षणहरुमा समाजवादीको खोलमा सामन्तवादलाई मल-जल दिने कामहरु भए ; त्यस्तै अहिले समावेशी लोकतन्त्रको नारा दिएर बर्चस्ववादी स्वार्थको दूनो सोझ्याउने रणनीतिहरु बढी बनिरहेका छन् । समावेशी लोकतन्त्रको व्याख्या गर्दा अहिलेसम्म हरेक क्षेत्रमा बर्चस्व जमाएर बस्नेहरु यसको परिभाषालाई तोडमरोड गर्ने कार्य गरिरहेका छन् । जनसंख्याको आधारमा राजनीतिक क्षेत्रमा निर्णायक संस्थाहरु तथा निर्णयका प्रक्रियाहरुमा प्रतिनीधित्व ; राजनैतिक र आर्थिक अवसरहरुमा समानता ; शिक्षा, स्वास्थ्य, वासस्थान, खानेपानी लगायत सबै मानवीय सुविधाहरुतिर समान पहुँच आदिको रुपमा यसलाई परिभाषित गर्नु पर्नेमा सो नगरी अहिलेसम्म घोषित अघोषित विभेदीकरणका शिकार भएकाहरुलाई कहीं-कहीं २-४ जनाको संख्यामा समावेश गरिनुलाई नै समावेशीकरण भनेर व्याख्या गर्न खोजिएको देखिन्छ । यसले नेपालमा हिमाल तथा पहाडका जनजाति अथवा नेपाली भूभागमा सबभन्दा पहिले देखि बसोवास गर्दै आएका♦ मधेसीहरुले हरेक क्षेत्रमा भोग्ने गरेका विभेदीकरणको अन्त्य हुन्छ, दिगो शान्तिको स्थापना हुन्छ र समतामा आधारित समाजको निर्माणमा राष्ट्र द्रुतगतिमा अगाडि बढ्छ भनेर आस लिन सकिन्न ।

## के हो समावेशी लोकतन्त्र ?

अहिलेको समाजको वहुआयामी (राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि) समस्याको मूल कारण निर्णायक शक्तिका श्रोतहरु केही व्यक्ति वा समूहहरुमा केन्द्रित हुन पुग्नु नै हो । तानाशाही र वर्चस्ववादी तन्त्रका शिकार मुलुकहरुमा मात्रै होइन लोकतान्त्रिक देशहरुमा पनि लोकतन्त्र केवल राजनैतिक लोकतन्त्रको रुपमा अभ्यासमा रहेको र उत्पादनका साधनहरु तथा आर्थिक वितरण प्रणालीमाथि केही व्यक्ति वा समूहहरुको पकड रही रहनुले गर्दा समाजको माथि उल्लेखित वहुआयामी समस्याहरु झन-झन जटिल हुँदै गइरहेका छन् । विकसित लोकतान्त्रिक मुलुकहरुमा समेत लोकतन्त्रको मात्र राजनैतिक अभ्यासले बजारमुखी अर्थव्यवस्थाको संस्थागत विकास भयो । बजारमुखी अर्थतन्त्रको संस्थागत विकासले समाजका यी समस्याहरुलाई सम्बोधन गर्न सकेन र यस्तो अर्थतन्त्रको विकासले हरेक क्षेत्रमा वर्चस्व स्थापित गरेर बसेकाहरुको पकड झन संस्थागत हुँदै गएकोले समाजको यो वहुआयामी समस्या अझ अल्झिँदै गयो ।

समावेशी लोकतन्त्रको अवधारणाको जन्म यिनै विडम्वनाहरुको अन्त्य गर्न तथा सामाजिक, आर्थिक र राजनैतिक रुपले पिडित विश्वका बहुसंख्यक मानव जमातलाई सम्बोधन गर्न भएको हो । लोक कल्याणकारी राज्यको भावना, वातावरणीय सन्तुलनको सार तत्व तथा पारम्पिरिक लोकतान्त्रिक अभ्यासको मूल अवधारणाको सम्मिश्रणबाट समावेशी लोकतन्त्र भन्ने यौगिकको उत्पत्ति भएको छ ।

समावेशी लोकतन्त्र भनेको जाति, धर्म, लिङ्ग वा अन्य कुनै यस्तै पारम्परिक एवं कृत्रिम विभेदबाट नागरिकहरुलाई मुक्त गरी तिनलाई राजनैतिक, आर्थिक र सामाजिक रुपमा समानताको स्थितिमा पु-याउनु हो । यस्तो स्थितिको सृजना समान रुपमा मतदानको अधिकारले मात्र सृजित हुन सक्तैन । राजनैतिक लोकतन्त्रले मात्र समतावादी समाजको विकास सम्भव छैन न त यसले मात्र माथि उल्लेखित समस्याहरुको समाधान गर्न सक्छ । यसका लागि समाजको प्रत्येक वर्गले राजनैतिक र आर्थिक दुबै लोकतन्त्रको अभ्यासका साथै पोषण, शिक्षा, स्वास्थ्य, खानेपानी, वासस्थान आदि जस्ता मानवीय सुविधाहरुसम्म समान पहुँचको ग्यारन्टी पाउनु पर्दछ । राजनैतिक निर्णयका हरेक अवसरमा हरेक नागरिकको सम्भव भएसम्म प्रत्यक्ष सहभागिता र निर्णय प्रक्रियामा योगदानको समान अवसरको स्थितिको सृजना♣; आर्थिक रुपमा सबै नागरिकहरुका लागि कामको ग्यारन्टी, रोजगारको अवसरमा निष्पक्ष पहुँच तथा विभेदमुक्त प्रतिस्पर्धा, व्यापार लगायत सबै किसिमका आर्थिक गतिविधिमा पूर्वाग्रह रहित वातावरण*; भाषा र संस्कृतिको समान संरक्षण तथा विकासका

♦ Bista. Dor Bahadur - Fatalism & Dev.: Nepalese struggle in modernization तथा उपेन्द्र यादवको कार्यपत्र : *नेपालको मधेसी समुदाय : संघीय प्रणाली र क्षेत्रीय स्वायत्तशासनको प्रश्न*

♣ राजनैतिक लोकतन्त्र (Political Democracy)

* आर्थिक लोकतन्त्र(Economic Democracy)

विभेदरहित तटस्थ नीति लगायत पोषण, शिक्षा, स्वास्थ्य, खानेपानी, वासस्थान आदि जस्ता मानवीय सुविधाहरुसम्म सम्पूर्ण नागरिकहरुको समान उपस्थिति – वास्तविक समावेशी लोकतन्त्रको अभ्यास हो । **टकिस फोटोपाउलसद्वारा** विकसित समावेशी लोकतन्त्रको यो अवधारणा वास्तवमा लोकतान्त्रिक एवं समाजवादी मान्यता र परम्पराहरुका साथै विश्वमा विगत केही दिनदेखि लोकप्रियता प्राप्त गर्दै आएको नैसर्गिक अधिकारवादी लगायत सांस्कृतिक एवं वातावरणीय सन्तुलनका पक्षधरहरुका मान्यताहरुको संश्लेषण हो । दुनियाँभरिका राजनैतिक शास्त्रका विशेषज्ञहरुले लोकतन्त्रको यस परिभाषालाई सबभन्दा उपयुक्त एवं आधुनिकतम व्याख्या भनेर स्वीकारेका छन् । लोकतन्त्रको यो व्याख्या शक्तिको सम्पूर्ण श्रोतको समान वितरणको वकालत गर्दछ । **Inclusive Democracy** is a political project developed by Takis Fotopoulos. It expresses a synthesis of the socialist and democratic traditions with the radical currents of the new social movements (ecological, feminist and other movements). It advocates direct democracy, economic and ecological democracy as well as the equal distribution of power on the 'micro level' ('democracy in the social realm').[+]

## नेपालमा समावेशी लोकतन्त्रको अर्थ

समावेशी लोकतन्त्रको सतही व्याख्या अहिले नेपालमा अत्यन्तै जोड समातेको छ । राजनैतिक शक्तिका श्रोत, निर्णयका निकायहरु तथा आर्थिक क्षेत्रमा उत्पादन र सेवाका सम्पूर्ण अवसरहरुमाथि फना काढेर बसेकाहरु आफ्नो वर्चस्वलाई जोगाइ राख्न यसको अपव्याख्यामा तल्लीन छन् । शताब्दीयौंको धूत्याईं र चालाकीपूर्ण विभेदीकरणका शिकार पहाडी जनजाति र तराईका मधेसीहरु समावेशीकरणको मूल मान्यता सके बुझ्न नै नपाउन्, बुझे पनि संयुक्त रुपमा एकबद्ध भएर उठाउन नपाउन्, उठे पनि यी दुबै भौगोलिक क्षेत्रमा फरक-फरक किसिमले उठुन् –यस्ता गतिविधिहरुको प्रमुख लक्ष्य रहिआएको छ । अनजानमा विदेशी नियोग र गैरसरकारी क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रीय संस्थाहरु यस्तै तत्त्वहरुलाई सहयोग गर्दै आएका छन् । यस्ता नियोग र संस्थाहरुमा एकक्षत्र आधिपत्य जमाएर बसेका यी डलरका खेती गर्नेहरु विदेशीहरुको नेपालको वास्तविकताबारेको अल्प ज्ञान र भाषाका समस्याबाट फाइदा उठाउँदै आफ्नो दूनो सोझ्याउन सफल हुँदै आएका छन् । यस्तोमा नेपालमा समतावादी समाजको स्थापनामा योगदान गर्न चाहनेहरुको अहं कर्त्तव्य सबभन्दा पहिले **'नेपालको सन्दर्भमा समावेशी लोकतन्त्रको अर्थ'** प्रष्ट्याइ यसको सही अभ्यासका सम्बन्धमा सामूहिक अवधारणा विकसित गर्नु हुन गएको छ ।

नेपालमा समावेशीकरणको अर्थ प्रष्ट्याउन सबभन्दा पहिले नेपालको वास्तविक चित्रमाथि एक दृष्टि दिनु उपयुक्त हुनेछ । यसबाट समस्याको पहिचानका साथै समावेशीकरणको अभ्यासतर्फ प्रस्थानका लागि प्रारम्भिक बिन्दुहरु स्पष्ट हुनेछन् । कस्कालागि, किन र कसरी समावेशीकरण ? जस्ता प्रश्नहरुको उत्तर पनि नेपालको वास्तविक चित्रले सजिलै प्राप्त गर्न सकिन्छ ।

यहाँ नेपालको सबै तथ्य र उपलब्ध तथ्याङ्क केलाउन सम्भव छैन । फेरि उपलब्ध तथ्याङ्कको विश्वसनीयतामाथि पनि कतिपय अवस्थामा प्रश्न चिन्ह खडा हुने गरेका छन् । धेरै विद्वानहरु नेपालको तथ्याङ्क विभागबाट प्रकाशित हुने गरेका तथ्याङ्कमा भर पर्न चाहँदैनन् । भनिन्छ भाषा र क्षेत्रका हिसाबले देखाइएको जनसंख्या वास्तविकताभन्दा फरक हुने गरेको छ । तैपनि यहाँ सकभर सरकारी वा त्यस्तै मान्यता प्राप्त निकायबाट उपलब्ध तथ्याङ्कलाई नै आधार बनाइएको छ । नेपालको सम्पूर्ण जनसंख्यालाई **मधेसको** जनसंख्या, **पहाडी ब्राह्मण, क्षेत्री/ठकुरी र नेवारको(BCTN)** जनसंख्या तथा यी बाहेक **पहाडका अन्य जातिहरुको (HSG)** जनसंख्या गणना गरी निर्णायक निकायहरुमा तिनीहरुले पाउने गरेका हिस्सेदारीलाई बुझ्ने प्रयास गरिएको छ । सन् २००१को राष्ट्रीय जनगणना अनुसार मधेसको जनसंख्या ३३ % पहाडी ब्राह्मण, क्षेत्री र नेवारको जनसंख्या ३५.५% तथा यी बाहेक पहाडका अन्य जातिहरुको जनसंख्या २९% रहेको देखिन्छ । पहाडी ब्राह्मण मात्रको १२.७ % क्षेत्री र ठकुरीको १७.३ % तथा नेवारको जनसंख्या ५.५% रहेको देखिन्छ ।




**Chart-1**

[+] Wikipedia, the free encyclopedia.

अब कस्ले कति कहाँ पाइरहेका छन् भन्ने तथ्यतिर विचार गरौं । सबभन्दा पहिले देशको बजेट, नीति र कार्यक्रमलाई अन्तिम रुप दिने र त्यसलाई कार्यान्वयनको जिम्मा बोक्ने मंत्रीपरिषदमा यी तीनवटा जनसंख्याको समूहमध्ये २००७ सालको क्रान्तिपछि गठित सरकारदेखि राजा ज्ञानेन्द्रको अध्यक्षतामा गठित मंत्रीपरिषदसम्ममा कैबिनेटमा कस्को कति हिस्सेदारी रह्यो त्यसको एक अध्ययन गरौं । जनआन्दोलन २०६३ पछि गठित मंत्रीपरिषदले यस तथ्याङ्कमा कुनै उल्लेखनीय परिवर्त्तन ल्याएको छैन । विगत ५६ वर्षमा भएका कैबिनेट मंत्रीहरु मध्ये मधेसका १५.२% मात्र, पहाडी ब्राह्मण,क्षेत्री र नेवार समूहबाट ६५.२% तथा बाँकी पहाडी समुदायबाट १७.४% मंत्रीहरु रहे । यसरी ३५.५% जनसंख्या भएको ब्राह्मण,क्षेत्री र नेवार समूहले ६५.२% , करीब २९ % जनसंख्या भएको बाँकी पहाडी समुदायसमूहले १७.४% र ३३% जनसंख्या भएको मधेसले १५.२ % मात्रको हिस्सेदारी प्राप्त ग-यो । देशको सम्पूर्ण राजनैतिक, आर्थिक लगायत अन्य सबै क्रियाकलाप संचालित गर्ने मंत्रीपरिषदमा विभिन्न जाति र क्षेत्रको भागीदारीको चित्र यस्तो छ । पहाडी ब्राह्मण मात्रको सन्दर्भमा १२.७ % जनसंख्याले २७ % क्षेत्री र ठकुरीहरुको १७.३% जनसंख्याले २८.१ % र ५.५ % जनसंख्या भएको नेवारले १०.१ % भाग पाएको छ ।




**Chart-2**

मन्त्रीपरिषदको प्रमुख अर्थात कार्यकारिणी प्रमुख प्रधानमन्त्रीको सन्दर्भमा हेर्ने हो भने विगत ५६ वर्षमा ३५.५% जनसंख्या भएको ब्राह्मण,क्षेत्री र नेवार समूहले शतप्रतिशत मौका पाएको छ । मधेस र पहाडी अन्य समुदाय वा जातिले एक पटक पनि मौका पाएको छैन । ब्राह्मण, क्षेत्री र नेवार मध्ये ब्राह्मणले १४ पटक अर्थात ४०% क्षेत्रीले १९ अर्थात ५४.३% र नेवारले २ अर्थात १५.८ पटक मौका पाएको छ ।




**Chart-3**

निर्णयको जुन निकायमा जसको जति प्रतिनिधित्त्व हुन्छ त्यस निकायबाट हुने निर्णयहरुमा त्यसको दृष्टिकोण र हितलाई त्यतिनै ध्यान दिइएको हुन्छ । अब यस तथ्यलाई ध्यानमा राख्दै देशका लागि योजना बनाउनेहरुका सन्दर्भमा कुरा गरौं । नेपालको योजना निर्माण गर्ने निकाय राष्ट्रीय योजना आयोगको स्थितिमाथि विचार गरौं । राष्ट्रीय योजना आयोगको अहिलसम्मको बनौटलाई विचार गरेर यस देशमा हालसम्म योजना बनाउँदा सम्पूर्ण नेपालको वस्तुस्थितिलाई ध्यानमा राखेर बनाइन्छ, बनाइँदैन त्यसको स्पष्ट चित्र कुनै पनि तटस्थ व्यक्तिले हेर्न सक्तछ । योजना आयोग सम्माननीय प्रधानमन्त्रीकै अध्यक्षतामा गठित हुने गरिएकोले यस आयोगको अध्यक्षमा मधेसी वा ब्राह्मण, क्षेत्री र नेवार बाहेक पहाडी अन्य जातिमध्ये कोही हुने सवालै आएन । उपाध्यक्ष पदमा ब्राह्मण, क्षेत्री र नेवारमध्ये कनिष्ठ योजना विद् र अर्थशास्त्रीहरुलाई योग्य मानी नियुक्तिहरु भएका छन् । तर अहिलेसम्म त्यस महत्त्वपूर्ण पदका लागि मधेसका एकजनालाई पनि योग्य ठानिएको छैन । पहाडी अन्य जातिमध्ये भने एकजनाले एक पटक मात्र मौका पाएका छन् । अहिलेसम्मको जम्मा २२ पटकमा योजना आयोगको उपाध्यक्ष पदमा पहाडी ब्राह्मणले ६ पटक, क्षेत्री र ठकुरीले ७ पटक तथा नेवारले ८ पटक मौका पाएका छन् । यसले प्रतिभाको मूल्याङ्कनको वस्तुस्थिति र अवसरको वितरणमा ठाढै भइरहेको अन्यायपूर्ण विभेद स्पष्ट हुन्छ ।




**Chart-4**

माथि उल्लेखित तथ्यहरुको अध्ययनपछि अब कार्यान्वयन तर्फ ध्यान आकृष्ट गरौं । बनिसकेको नीति र योजनाको कार्यान्वयन कर्मचारीतन्त्रको माध्यमबाट हुन्छ । कर्मचारीतन्त्रको मुखिया सरकारबाट नियुक्त प्रमुख सचिव हुन्छन् । उनकै नियन्त्रणमा कार्यान्वयनको सम्पूर्ण प्रक्रिया संचालित हुन्छ । विगत ५६ वर्षमा १९ जनाले नेपाल सरकारको प्रमुख सचिव भएर काम गरेका छन् तर ती मध्ये एक जना पनि मधेसी वा पहाडी अन्य जातिका छैनन् । उन्नाइसै जना ब्राह्मण, क्षेत्री र नेवारमध्ये नै पर्छन ।




**Chart-5**

विकास वा अन्य कार्यका लागि अर्थ निकासा गर्ने, विदेशी सहयोगबाट संचालित हुने विकास निर्माणका शिक्षा, स्वाथ्य, खानेपानी, आवास, आदि सम्बन्धी कार्यहरु लगायत जागरण, सामाजिक नेतृत्व विकास, आय-बृद्धि, आदि कार्यका लागि क्षेत्र र लक्षित समूह निर्धारण गर्ने काममा समेत प्रभावकारी भूमिका खेल्ने तथा चाँजो-पाँजो मिलाउने नेपाल सरकारका अर्थ मन्त्री तथा अर्थ सचिवहरु सबै ब्राह्मण, क्षेत्री र नेवारमध्ये कै छन् । अहिलेसम्म अन्य यसका लागि योग्य प्रमाणित हुन सकेका छैनन् ।




**Chart-6**

त्यस्तै देशको आर्थिक सर्वेक्षण र अर्थनीतिको तर्जुमामा महत्त्वपूर्ण योगदान दिने नेपालको केन्द्रीय बैंकको गवर्नर पदमा अहिलेसम्मको जम्मा १३ जना मध्ये एकजना मधेसी योग्य ठहरिन सकेका छन् । पहाडी अन्य जातिहरुबाट एकजना पनि गवर्नर हुन सकेका छैनन् ।




**Chart-7**

देशको शान्ति-सुरक्षालाई व्यवस्थित गर्ने गृहमन्त्री र गृहसचिवहरुमा समेत यस्तै स्थिति छ । गृहमन्त्री र गृहसचिव, पुलिस तथा सशस्त्र प्रहरी बलका प्रमुखहरु देशको अमन-चैन र कानून व्यवस्थाका लागि जिम्मेवार हुन्छन् । देशको आन्तरिक सुरक्षाका लागि पनि यिनीहरु ने प्रत्यक्ष रुपमा जिम्मेवार हुन्छन् । स्वभाविक रुपमा प्रहरी र सशस्त्र बलमा छनौट प्रक्रियामा यिनको खास भूमिका हुन्छ । अहिलेसम्मको विगत ५६ वर्षमा प्रहरी र सशस्त्र बलमा एकजना मधेसी प्रमुख हुन पाएका छैनन् । प्रहरी र सशस्त्र बलमा मधेसीको छनौट सामान्यतया दयापूर्वक र देखाउनका लागि मात्र गरिन्छ ।

नेपालको न्यायसेवाको स्थिति पनि त्यस्तै छ । आफ्नो समुदायप्रति मानिसको झुकाव हुनु स्वाभाविक र सामान्य कुरा हो । न्याय सेवाले यस तथ्यलाई औपचारिक रुपमा स्वीकारेको छ । त्यसैले आफ्ना नाता वा कुनै किसिमको पूर्वाग्रह हुन सक्ने सम्भावना भएको मुद्दा न्यायाधीशहरुले हेर्नु हुन्न भन्ने मान्यता छ । तर जहाँ न्यायाधीशहरुकै छनौट भेदभावपूर्ण भावनाले गरिन्छ (हेर्नोस् Chart-8) त्यहाँ न्याय सम्पादनको कस्तो स्थिति होला ? अहिले न्यायाधीशहरुको जम्मा

संख्याको सर्वोच्च अदालतमा १९.४८ प्रतिशत, पुनरावेदन अदालतमा ७.७ प्रतिशत तथा जिल्ला अदालतमा २.३ प्रतिशत मात्र मधेसी छन् । त्यस्तै पहाडका अन्य जातिहरुको सर्वोच्च अदालतमा ४.७ प्रतिशत, पुनरावेदन अदालतमा १.१ प्रतिशत तथा जिल्ला अदालतमा २.३ प्रतिशत मात्र उपस्थिति छ । सन् २००१ को तथ्यांक अनुसार न्यायसेवामा मधेसी समुदायबाट प्रथम श्रेणीका एकजना पनि अधिकृत थिएनन् ।




| | Supreme court | | Appellate court | | District court |
|---|---|---|---|---|---|
| Total judges | 21 | | 90 | | 136 |
| BCTN | 16 | | 82 | | 127 |
| HSG | 1 | | 1 | | 4 |
| Madhesi | 4 | | 7 | | 5 |

Chart–8A




| | Total | BCTN | Madhesi | |
|---|---|---|---|---|
| Total number of CJ | 16 | | | |
| BCN | | 13 | | |
| Madhesi | | | 3 | |

Chart–8B

२०१३ सालपछि भएका जम्मा १६ जना प्रधान न्यायाधीशहरु मध्ये १३ जना पहाडी ब्राह्मण, क्षेत्री/ठकुरी र नेवार समूहबाट नै भएका छन् । जम्मा ३ जना मधेसीले यो जिम्मेवारी पाएका छन् । अहिलेसम्म पहाडी अन्य जाति मध्ये एकजना पनि प्रधान न्यायाधीशको पदसम्म पुग्न सकेका छैनन् ।

यसरी निर्णयका हरेक निकायमा मधेसी र पहाडी जातिहरुको उपस्थिति न्यून मात्रै होइन आपत्तिजनक छ । शासनका शक्तिशाली निकायहरुमा पहाडी ब्राह्मण, क्षेत्री/ठकुरी र नेवारको पूर्ण वर्चस्व रहेको छ । राज्यसंचालन (मन्त्री-मण्डल), योजना निर्माण (योजना आयोग), वित्तिय व्यवस्थापन (अर्थ मन्त्रालय) शान्ति सुरक्षा (गृह मन्त्रालय), न्याय सम्पादन (न्याय सेवा विभाग र न्यायालयहरु), कर्मचारी तन्त्र, सेना र प्रहरी/सशस्त्र बल आदि हरेक क्षेत्रमा मात्र पहाडी ब्राह्मण-क्षेत्री/ठकुरी-नेवार समूहको आधिपत्य जस्तै छ । सरकारी वा गैरसरकारी संचार माध्यम तर्फ नै हेर्ने हो भने पनि नेपाल टीभी देखि लिएर कुनै पनि च्यानलमा मधेसी एङ्कर वा कार्यक्रम संचालक देखा पर्दैन । राष्ट्रीय स्तरका अखबारहरुमा एकजना धर्मेन्द्र झा मात्र सम्पादक बन्न सकेका छन् । सरकारी वा गैरसरकारी दुबै संचार माध्यमहरुको व्यवस्थापनमा मधेसीको उपस्थिति न्यून छ (Chart-9) । जुन देशको संचार माध्यममा यस्तो ठूलो विभेदपूर्ण अवस्था हुन्छ त्यस समाजको स्वर उठ्न कति कठिन र चुनौतीपूर्ण हुन जान्छ - हामी सजिलै सोच्न सक्तछौं ।




# संचार क्षेत्र

**Chart- 9A**




**Chart- 9B**

**GP=Gorakha Patra, RN=Radio Nepal, Pc=Press Council, NTV=Nepal Television, RSS= Rastriya Samachar Samiti, NPF=Nepal Patrakar Federation, Pc=Press Chautari, NPU= Nepal Press Union , PG= Press Group , NEMG= Nepal Environment Media Group , FNNM= Federation of National News Media** *

विगत ५६ वर्षको इतिहासमा लोकतान्त्रिक वा राजशाही दुबै किसिमको शासनव्यवस्थामा मधेसीहरुसंग एउटै किसिमको भेदभावपूर्ण व्यवहार भएको देखिन्छ । दुबैलाई तुलना गर्दा यति मात्र फरक पाइन्छ कि लोकतान्त्रिक शासनहरुमा मधेसीको स्थितिमा हाराहारी १ प्रतिशतको सुधार जस्तो देखिन्छ भने राजशाहीमा पहाडी जनजातिलाई त्यसै प्रतिशतमा बढी स्थान दिइएको पाइन्छ । यसबाट राजाहरु मधेसका कट्टर बिरोधी रहेको प्रमाणित हुन्छ । राजा महेन्द्रले मित्र राष्ट्रहरुको सहयोगबाट निर्मित पूर्व-पश्चिम राजमार्गको दुबैतिर जंगल फरानी गर्न लगाएर पहाडी जनसंख्यालाई तल मधेसमा झर्न योजनाबद्ध रुपमा प्रेरित गरेका थिए♣ र नागरिकतामा भेदभाव गरी विस्तारै आफ्नै देशमा गैरनागरिकको त्रासदीपूर्ण अमानवीय हैसियतमा बस्न बाध्य गर्ने नीति बनाएका थिए । यस नीतिमा अहिलेसम्म कुनै रुपमा केही परिवर्त्तन भएको छैन । समग्रमा लोकतान्त्रिक वा राजशाही दुबै किसिमको शासनव्यवस्थामा एउटै किसिमको हेपाहा र विस्तारै भित्तामा ठेल्ने मानसिकता पाइन्छ । मधेसीहरु हरेक क्षेत्रमा कठोर भेदभावको शिकार हुँदै गइरहेका छन् ।

२००७ सालको क्रान्तिपछिका सरकारहरु लगायत अहिलेसम्मको सम्पूर्ण शाहवंशीय शासनको अवधिमा नेपाल समानतापूर्ण राज्यको रुपमा परिवर्त्तित हुनुको सट्टा भेदभावपूर्ण समाजको रुपमा विकसित हुँदै आइरहेको छ । २००७ सालपछिका प्रजातान्त्रिक सरकारहरुले समाजवाद तथा पंचायती राजशाही तानाशाही व्यवस्थाले शोषण रहित समाजको सृजनालाई मूल नारा बनाए पनि नेपालको पहाडी समुदाय तथा उत्तरी भौगोलिक क्षेत्रको विकासमा मात्र जोड दिइएको छ । भौगोलिक रुपमा मात्र होइन नेपालको दक्षिणी क्षेत्र अर्थात मधेसको सामाजिक, राजनैतिक र आर्थिक हरेक किसिमको शोषण भएको छ । परिणामस्वरुप आजभन्दा ५०(६० बर्ष अगाडि अपेक्षाकृत हरभरा र सम्पन्न यस क्षेत्रको गरीबी बढ्दै छ । मधेसका २० मध्ये ९ वटा जिल्लाहरु अर्थात ४५ प्रतिशत अत्यन्त गरीबीमा छन् , ६ वटा मध्यम र ५ वटा ठीकठाक स्थितिमा छन् भने पहाडका ५५ मध्ये १६ अर्थात २९ प्रतिशत मात्र अत्यन्त गरीबीमा, १७ वटा मध्यम र १९ वटा ठीकठाक स्थितिमा छन् ।

साधनको वितरणमा भइरहेको विभेदपूर्ण व्यवहारका कारण यस क्षेत्रको वृद्धिदर घट्दै छ । हरेक क्षेत्रमा यसको कुप्रभाव स्पष्ट देखा परिरहेका छन् । मधेसका समस्याहरुको विस्तारपूर्वक अध्ययन गर्ने कार्यमा सरकारी वा अन्तराष्ट्रीय प्रोत्साहनको कमी छ त्यसकारण यस्तो अध्ययन विश्लेषण प्रचुर मात्रामा हुन सकेको छैन । तैपनि अहिलेसम्म भएका गरिएका अनुसन्धान वा विश्लेषणले मधेसप्रति भइरहेको अन्यायपूर्ण व्यवहारलाई बुझ्न गाह्रो छैन । नेपालको कुल

* Madhesh Vani, January 2006.

♣ Gaige, FH (1975). *Regionalism and National Unity in Nepal.*

राष्ट्रीय आयमा मधेसको योगदान पहाडको भन्दा धेरै बढी छ । कृषि र औद्योगिक उत्पादन पनि मधेसमा नै बढी हुन्छ । तैपनि प्रति व्यक्ति बजेट विनियोजन मधेसमा न्यून छ । मधेसका २० मध्ये आधामा अर्थात १० जिल्लाहरुमा ज्यादै न्यून प्रति व्यक्ति बजेट विनियोजन भएका छन् भने पहाडका ५५ मध्ये २८ अर्थात आधाभन्दा बढी जिल्ला सबभन्दा बढी प्रति व्यक्ति बजेट विनियोजन पाएका छन् । ९ वटा अर्थात १६.३६ प्रतिशत जिल्लामा मात्रै यस्तो विनियोजन न्यून देखिन्छ ( हेर्नोस Chart-11A) । प्राथमिक विकास(Primary sector development)को सन्दर्भमा पनि यस्तै स्थिति छ ।[ϕ]

यस सन्दर्भमा एउटा कुरा अरु विचारणीय छ - मधेसका २० जिल्लाहरुमा पहाडबाट झरेर वसोवास गर्नेहरुको संख्या बढ्दो छ । राजा महेन्द्रबाट पंचायात कालमा यो नीति षडयन्त्रपूर्वक लागू गरिएको थियो । पहाडबाट राजावादी प्रवृतिकाहरुलाई मधेसमा वसाईं-सराईं गर्न विशेष प्रोत्साहन गरिएको थियो । सन् १९५२-५४को जनगणनामा मधेसमा भएको सम्पूर्ण जनसंख्या मध्ये मधेसीहरु ९४.१ प्रतिशत थिए विगत २००१को जनगणनामा यो प्रतिशत ६३.३ मा झरेको छ ।[♠] यसबाट मधेसको जनसंख्यामा बृद्धिको कारण बाहिरी मुलुकबाट आएको प्रवासीहरु नभई पहाडबाट झर्नेहरुको संख्यामा ठूलो बृद्धि हुनु हो । एउटा अर्को तथ्य पनि छ - पहाडी जनसंख्याको अपेक्षाकृत बाहुल्य भएका झापा, सुन्सरी, मोरंग, चितवन, नवलपरासी, दाङ्ग, कंचनपुर आदि जिल्लाहरुको स्थिति मधेसकै अन्य जिल्लाहरुको तुलनामा अलि राम्रो छ । यस्ता जिल्लाहरुमा प्रति व्यक्ति बजेट विनियोजन, साक्षरताको प्रतिशत, खानेपानी, आदिको अवस्था तुलनात्मक रुपमा अलि वेश जस्तो देखिन्छ । यसबाट राज्यका सम्बन्धित निकायहरुबाट भइरहेको भेदभाव मात्र प्रष्ट हुँदैन मधेस सुनियोजत भेदभावको शिकार रहेको छ र यहाँका राजनीतिक प्रतिनिधिहरु मधेस प्रति इमानदार छैनन् भन्ने कुरा पनि प्रमाणित हुन्छ ।




**Chart-11A**




**Chart-11B**

---

ϕ Sharma and Shah (2002)- New ERA, ICIMOD (1997)

♠ Gurung, H. (1998). Social Demography and Expressions, Kathmandu, Nepal, 1998

## संयुक्त राष्ट्र संघ र विदेशी नियोगगहरुबाट पनि मधेसीहरु शोषित ।

विगत आधा शताब्दीदेखिको मधेसीहरुप्रति भेदभावपूर्ण नीतिको प्रत्यक्ष प्रभाव संयुक्त राष्ट्र संघ र विदेशी नियोगहरुमा समेत परेको छ । संयुक्त राष्ट्र संघ र विदेशी नियोगहरुले नेपालमा लोकतन्त्रका लागि उल्लेखनीय प्रयास गरेका छन् । नेपालीहरुमा विकासका लागि जागरण, गरीबी न्यूनीकरण अनौपचारिक शिक्षा, स्वास्थ्य, खानेपानी, बाटो-घाटो, झोलुङ्गे पुल निर्माण आदिमा यिनको भूमिका रहँदै आएको छ जो निश्चित रुपमा धेरै प्रभावकारी रहेको छ । अहिले यी नियोगहरु नेपालमा समावेशी लोकतन्त्रको चर्च-परिचर्चा तथा यसलाई अभ्यासरत बनाउने कोशिशमा लागेका छन् । तर यी नियोगहरुको कर्यमा मधेसीहरुको संलग्नता अत्यन्त न्यून रहने गरेको छ । तेसैले यस्ता नियोगहरु लगभग मधेसमा र मधेसका लागि विरलै कार्यरत छन् । सरकार तथा राजनैतिक संगठनहरु दातृ संस्थाहरुलाई पहाडमा बढी गरीबी रहेको झूठो विवरण दीइ गरीबी उन्मूलन देखि लिएर प्रायः परियोजनाहरु पहाड मै संचालित गर्न वकालत गर्ने गर्छन । संचालित पारियोजनाहरुमा समेत नगण्य मात्रामा मधेसीहरु कार्यरत छन् । त्यसमा पनि निर्णयको निकायमा तिनको उपस्थिति छँदै छैन । यस्तो स्थितिमा मधेसलाई विचार गरेर कार्यक्रमहरु तय गरिने कति सम्भावना हरु छन् ? यस्ता कार्यक्रमहरु कति समावेशी होलान् ? कल्पना गर्न सकिन्छ ।

विदेशी नियोगहरु राजशाहीको २३७ बर्षको कुप्रचारको शिकार भएर नेपालका आद्य निवासी मधेसी जनता नेपाली हुँदै होइनन् कि भन्ने भ्रममा परेको जस्तो लाग्छ । नेपालको हरेक क्षेत्रमा कब्जा गरेर बस्नेहरु नियोगका कार्यक्रमहरुलाई डलरको खेतीको रुपमा प्रयोग गरेका छन् । के संयुक्त राष्ट्र संघ र विदेशी नियोगहरु नेपालमा समावेशी लोकतन्त्रको अभ्यासको Demonstration गर्लान् ? शायद यो उनीहरुका लागि त्यति गाह्रो पनि हुने छैन । महिलाहरुको समावेशीकरण तर्फ उनीहरुको ध्यान त छ तर त्यसमा ३३ प्रतिशत मधेसी महिला र २९ पहाडी जनजातिलाई राख्नु पर्ने नीति चाहिं देखिन्न । सम्पूर्ण कर्मचारीमा पनि ३३ प्रतिशत मधेसी र २९ पहाडी जनजातिलाई मौका दिने नीति बनाउनु विदेशी नियोगहरुका लागि त्यति मुश्किल काम पक्कै होइन । आवश्यकता मात्र सतर्कताको छ । मधेसीहरु योग्य र क्षमतावान छन् । खाली खुट्टो गाडेर बसेकाहरुको झूठो र फरेबी व्याख्याबाट बच्नु पर्दछ । यस्ता नियोगहरुले ५० प्रतिशत आयोजनाहरु मधेसमा संचालित गर्नु पर्दछ ।

**Manpower Involved in International Organisations in Nepal**

| Organisations/ Agencies | No. | Manpower Ivolved, 2001 | | | |
|---|---|---|---|---|---|
| | | Foreigner | Pahadi | Madhesi | Total |
| International (Multilateral) | 30 | 121 (15.8%) | 608 (79.2%) | 38 (5.0%) | 767 |
| Projected implemented by Multilateral Agencies | 61 | 21 (8.6%) | 209 (85.3%) | 15 (6.1%) | 245 |
| TOTAL | 91 | 142 (14.1 %) | 817 (80.7%) | 53 (5.2%) | 1,012 |

Source: UNDP (2001). Directory of the United Nations and Its related Specialized Agencies in Nepal, September 2001, UNDP, Kathmandu



मधेसको राजनैतिक प्रतिनिधित्त्व लगायत कर्मचारी तन्त्र, योजना निर्माण आदिमा अत्यन्तै न्यून सहभागिता छ भन्ने कुराको चर्चा माथि गरिएको छ । वास्तवमा मधेसको यस्तो स्थिति षडयन्त्र र बलपूर्वक जानाजान गरिएको हो भन्ने तथ्यलाई पुष्टि गर्ने धेरै प्रमाणहरु छन् । यसबारे नेपालका मधेसीहरुबारे भएका अध्ययनहरु हेरे आपसेआप थाहा हुन्छ । यस्तो षडयन्त्र २०४६को जनआन्दोलनको सफलता पछि पनि जारी रह्यो । अन्तरिमकालका प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईले आमसभामा सम्बोधनका मार्फत सम्पूर्ण मधेसीहरुलाई कायर भनेर अपमानित गर्नु भएको विषय बिर्सिने तथ्य होइन । तेह्रौं शताब्दीको अन्त्य र चौधौं शताब्दीको प्रारम्भमा कयौं बर्षसम्म काठमाण्डौ उपत्यका सिम्रौनगढको मधेसी राज्य अन्तर्गत थियो । उपत्यका विजय गर्ने र त्यसका मुख्य प्रशासक सम्रिौनगढका मन्त्री चन्देश्वर ठाकुर थिए ।* के यो मधेसीको कायरता देखाउँछ ? जनआन्दोलन २०४६ पछिको अन्तरिमकालमा निर्मित संविधानमा मधेसीहरु बिरुद्ध २ वटा षडयन्त्रहरु भएका थिए - १. **नागरिकतालाई नेपाल नागरिकता ऐन,२०२० माथि आधारित पार्नु र २. एकजना एकमतको सर्वमान्य संसदीय सिद्धान्तलाई लत्याएर जिल्लाको जतिसुकै कम जनसंख्या भए पनि एकवटा संसदीय क्षेत्र मान्नु** । यसबाट मधेसीहरुको प्रतिनिधित्त्वमा पर्न गएको कुअसरलाई हेरौं । पहाडमा ९५८७ जनसंख्या भएको मनाङमा एउटा संसदीय क्षेत्रको व्यवस्था छ भने मधेसको कैयन गाविसहरुमा त्यसभन्दा धेरै बढी जनसंख्या छ र मधेसमा संसदीय क्षेत्र निर्धारणको औसत जनसंख्या १,२७,४१४ छ ।• अब प्रतिनिधिसभामा मधेसीको प्रतिनिधित्त्वको स्थितिमाथि विचार गरौं ।♣




**Chart-12 A**




**Chart-12 B**

---

* ज्ञानमणि नेपाल, नेपालको पूर्वमध्यकाल इतिहास, २०५४

• District Demographic profile of Nepal, Informal Sector Research & Study Centre, 2002, Kathmandu, Nepal

♣ IIDS, The Fourth Parliamentary Election./Parliament Secretariat Records, Singha Durbar, Nepal, 1999.

नेपालमा समावेशीकरणको अर्थ मधेसी र ब्राह्मण, क्षेत्री/ठकुरी र नेवार बाहेक पहाडी अन्य जातिहरुमाथि भइरहेको यो भदभावलाई समाप्त गर्ने कारगर तन्त्रको विकास गर्नु हो । नेपालमा लोकतन्त्रको सही अर्थ पनि यही नै हुनेछ । लोकतन्त्रको अर्थ मत मात्रै हाल्न पाउनु होइन । आफूलाई प्रभाव पार्ने हरेक निर्णयको प्रक्रियामा सबैको समान सहभागिता निश्चित रुपमा हुनु हो । यसलाई अस्वीकार गर्नुको अर्थ हो लोकतन्त्रको वास्तविक र प्राथमिक अर्थलाई अस्वीकार्नु ।*The primary meaning of democracy is that all who are affected by a decision should have the right to participate in making that* decision, either directly or through chosen representatives . . . . to exclude the losing groups from participation in decision-making *clearly violates the primary meaning of democracy.*♥

अहिलेसम्म अवसरको वितरणमा निन्दनीय विभेदीकरण तथा आफ्ना समस्या र आवश्यकताको उचित सम्बोधन गरिनुबाट बंचित यो दुई तिहाई नेपाली जनसंख्यालाई बडो धूर्त्याइपूर्वक पहाडी ब्राह्मण,क्षेत्री/ठकुरी र नेवारको एक तिहाई जनसंख्याले नीति निर्माण तथा निर्णयको प्रक्रियाबाट बाहिर राखेको छ । नेपालको दक्षिणी र उत्तरी दुबै क्षेत्रका लगभग ६५ प्रतिशत जनसंख्यालाई वास्तविक समावेशी लोकतन्त्रको आवश्यकता छ ।

नेपाली समाज जस्तो हरेक क्षेत्रमा समावेशीकरणको आभाव भएको मुलुक वा समाज शायदै विश्वमा अरु कतै होला ! पहाडी ब्राह्मण, क्षेत्री/ठकुरी र नेवार बाहेक अधिकांश मधेश र पहाडका नेपाली यहाँ विभेदीकरणका शिकार छन् । २३७ वर्षीय शाहवंशीय शासनको यो भयाबह दुष्परिणाम हो । नेपालमा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरुले पनि केन्द्रीय सामन्ती राज्यसत्ता निर्माण गर्ने क्रममा खस पहाडी जातिय अहंकारवाद र ब्राह्मणवादी हिन्दू धार्मिक कट्टरवादको सहारा लिएका थिए ।• यस भयावह दुष्परिणामको समाधानको प्रक्रिया यथाशिघ्र प्रारम्भ हुनु आवश्यक छ । होइन भने देशलाई सही दिशमा अगाडि बढाउन सकिन्न । राज्य संचालन, आर्थिक र सामाजिक गतिविधि तथा निर्णय प्रक्रियाहरुमा सहभागिता नभएको समुदाय वा वर्गको प्रतिभा, क्षमता र उद्दमशीलताको प्रयोग सम्भव हुँदैन । यसले देशको मानवीय लगायतका अन्य संसाधनको पूर्ण उपयोग असम्भव हुन जान्छ । परिणामस्वरुप देश राजनैतिक, आर्थिक र सामाजिक रुपमा कमजोर हुन जान्छ र अन्ततः भयावह अन्तर्कलहको भुमरीमा फँस्दछ । The adverse effects of unequal opportunities and political power on development are all the more damaging because the economic, social and political inequalities are reproduced time and again across generations. This leads to what is called “inequity traps”. Highly skewed power structures tend to protect the interests of politically influential and specific privileged caste or ethnic groups, often to the detriment of the majority.This makes society as a whole more inefficient since the excluded groups are not able to exploit their energy, talent and potential. Naturally these inequalities must be reduced which would require a positive and progressive frame of mind in the powerful groups to share their power with other deprived groups.♦

सम्पूर्ण नागरिकले समानता पाए वर्चस्व जान्छ र अहिलेसम्म अगाडि रहेकाहरु पछाडि पर्छौं भन्ने मान्यता सरासर गलत र मूर्खतापूर्ण हो । विश्वभरि समानताको लडाईं लडिएको छ र लडिंदै छ । अहिलेसम्मको अनुभवबाट के प्रमाणित भएको छ भने वर्चस्ववादले उत्पादनको दर धट्नुका साथै राष्ट्रको समग्र विकासमा जटिल अवरोध उत्पन्न हुन्छ । समानतातिर अगाडि बढेका राष्ट्रहरुको विकासको गति अझ तिब्र भएको छ । त्यसकारण नेपालको विकासको दर बढाउनु छ, मानवीय विकासको सूचकांकलाई माथि पु-याएर अहिलेसम्म अन्यायपूर्वक दबाएर राखिएका मधेस तथा पहाडी आदिवासी जनजातिलाई उनको हक तथा न्याय दिलाउनु छ भने माथि देखिएका विभेदपूर्ण अन्तरलाई यथाशिघ्र समाप्त गर्नु आवश्यक छ । आजको राष्ट्रीय आवश्यकता यही हो । नेपालमा समावेशीकरणको सही अर्थ पनि यही मात्र हो ।

## निष्कर्ष र सुझावहरु

माथि उल्लेखित तथ्यहरुको अध्ययन र विश्लेषणले नेपालको मूलभूत समस्या तथा वैकासिक असन्तुलनको स्पष्ट चित्र रेखाङ्कित हुन्छ जो वास्तवमा अत्यन्तै भयावह छ । यसको तात्काल सम्बोधन बाहेक अन्य कुनै उपाय छैन । मधेस तथा पहाडका आदिवासी सामाजिक समूहहरुको हदैसम्मको शोषण भएको छ । यी दुबै समूहमाथिको यो शोषण अब एक क्षणको देरी नगरी रोकिनु पर्छ । राजनैतिक-सामाजिक-आर्थिक क्षेत्रमा हुँदै आएको यो विभेदीकरणबारे फरक स्वरको गुन्जाइस छैन किनभने तथ्य र सत्य यही हो । राजनैतिक दलहरुका नेतृत्ववर्ग लगायत सबै यसलाई स्वीकार्छन् पनि तर समाधानको दिशामा अग्रसरता भने पटक्कै देखिन्न । मधेसका समस्याहरुलाई राजनीतिक लाभका लागि उठाएर कार्यान्वयनको समयमा रकमी भाषा तथा शैलीको प्रयोग गरी सत्तालाई कब्जा गरेर राख्नेहरुले षडयन्त्र गर्दै आएका छन् ।

---

♥ *Arthur Lewis, first Nobel Prize winner in the economics of development*

• डा. बाबुराम भट्टराई : मधेशी प्रश्नलाई हेर्ने दृष्टिकोण, लाल मधेश अंक १, २०६२

♦ Dr. Ram Prakash Yadav- Caste/Ethnic Representation in HMG at policy level in Nepal

संविधान देशको मूल कानून हो जसलाई मूल आधार बनाइ ऐन, नियम अथवा उपनियम बनाइन्छ । तर २०४७ सालको संविधान बनाइँदा जनताको नैसर्गिक नागरिकताको अधिकारलाई कुण्ठित गर्न षडयन्त्रपूर्वक यस सन्दर्भमा भने संविधानलाई ऐन *(नेपाल नागरिकता ऐन, २०२०)* माथि निर्भर बनाइयो तथा लगभग ४० लाख मधेशी नेपालीलाई नागरिकताबाट वंचित गराउने कुत्सित कार्य गरियो । [#]

नेपालका नेताहरु समतावादी र राष्ट्रीय दृष्टिकोण विकसित गर्न असमर्थ रहेका छन् । वी.पीं. कोइराला र पुष्पलालपछि सम्पूर्ण राष्ट्रलाई विकसित गर्ने, वितरण प्रणालीलाई लोक कल्याणकारी बनाउने तथा समूह, जाति, वर्ग वा क्षेत्रको दायराबाट अगाडि बढ्ने सम्पूर्ण राष्ट्रकै प्रवक्ता बन्ने साहसको आभाव देखिएको छ । माओवादी नेताहरुले यसलाई उठाउने प्रयास गर्नु भएको छ तर दृष्टिकोण भने स्पष्ट छैन । लाल सेनाको सशस्त्र संगठनलाई मजबूत गर्ने उद्देशयले मात्र मधेस र पहाडी जनजातिका समस्याहरु उठाइने गरिएको भान हुन्छ । समावेशीकरणको स्पष्ट धारणा आइरहेको देखिंदैन । संविधासभाको निर्वाचन कै वर्त्तमान परिपेक्ष्यमा मधेस र पहाडी अन्य जातिहरुको उचित प्रतिनिधित्त्वको सन्दर्भमा प्रभावकारी समाधान देखाउने धारणा आइरहेको छैन । रामचन्द्र पौडेल र नरहरि आचार्य जस्ता समाजवादी नेताहरु पनि यस प्रतिनिधित्त्वको सन्दर्भमा मौन देखिनुहुन्छ । अहिले मधेस र पहाडी अन्य जातिहरुको प्रतिनिधित्त्वको स्पष्ट धारणा आउनु पर्दछ ।

राष्ट्र भनेको कुनै जाति, वर्ग वा क्षेत्रको होइन । नेपाली भन्नाले सम्पूर्ण देशमा स्थायी रुपमा वसोवास गर्ने सम्पूर्ण जनसंख्यालाई बुझाउँछ । मधेसीहरु त झन नेपालका आदिवासी हुन् ।[*] मधेसमा पौराणिक कालमै विदेह जनक शिरध्वज, सीता, गार्गी, यात्रवल्क्य, मैत्रेयी आदिको जन्म भइसकेको थियो । आजभन्दा २५०० बर्ष अघि मधेसले कपिलवस्तुमा सिद्धार्थ गौतम जन्माउने र विश्व शान्तिको अग्रदूत बनाउने शिक्षण दिने सौभाग्य पाइसकेको छ । त्यसैले मूल कै कुरा गर्ने हो भने मधेसीहरु नै यस भूखण्डका आदि र असली नेपाली मूल हुन् । त्यसैले कसैलाई भारतीय मूल भनी छुट्याउने मानसिकताबाट मुक्त हुनु पर्दछ । देश-विदेशमा विभेदी नियतले भइरहेको यस्तो प्रचार तात्काल र तुरन्त बन्द हुनु पर्दछ ।

समावेशी लोकतन्त्र भनेको देशको राजनैतिक-आर्थिक-सामाजिक परिदृश्यबाट अलग-थलग रहेका वा बाहिर राखिएका समुदाय वा समूहलाई त्यस परिदृश्यभित्र सक्रिय रुपमा सहभागी हुने वातावरणको निर्माण गरी समेट्नु हो । यसले शक्ति र निर्णयका निकायहरुमा लक्षित समुदाय वा समूहको पहुँच स्थापित हुन्छ तथा विस्तारै विभेदीकरणको अन्त्य भइ समतावादी समाजको निर्माणमा मद्दत पुग्दछ । त्यसैले राज्यले लक्षित समुदाय वा समूहका लागि बढी लगानी गर्ने, आरक्षणको व्यवस्था गर्ने, न्यायलाई सुलभ बनाउने, मानवीय सुविधासम्म पहुँच दिलाउने र ती समुदाय तथा समूहमा मानवीय संसाधनको विकास गर्ने जस्ता नीतिहरुलाई अगाडि बढाउनु पर्दछ । औसत जनसंख्यामा आधारित निर्वाचन क्षेत्रहरु निर्धारित गरी प्रत्यक्ष मतदान र त्यस्तो मतदानबाट निर्वाचित प्रतिनिधिहरुद्वारा राज्यको कार्यपालिका तथा व्यवस्थापिकाको संचालन, नागरिकहरुसंग सम्बन्धित सबै किसिमका निर्णयका निकायहरुमा मधेस, पहाड र हिमालका जनसंख्याका आधारमा स्थान तथा जनसंख्याका हिसाबले विकास कार्यमा बजेट विनियोजन आदि नेपालमा समावेशी लोकतन्त्रका अभ्यासका लागि ठोस आधारशिलाहरु हुन सक्छन् । समग्रमा नेपालमा समावेशी लोकतन्त्रको वास्तविक अभ्यासका लागि निम्न कुराहरुलाई तदारुकताका साथ व्यवहारमा ल्याउन आवश्यक छ –

१. **सर्वप्रथम नेताहरुबाट विभेदी मानसिकताको परित्याग गरी इमानदारीपूर्वक देशलाई समानतातिर डो-याउने संकल्प तथा प्रतिबद्धता आवश्यक छ । मधेसी आदिवासी नेपालीहरुका सन्दर्भमा भारतीय मूलको भनी मिथ्या प्रचार बन्द गरी नेपालमा वसोवास गर्ने सबै आर्यावर्त्तीय मूलको भएको वास्तविक तथ्य बुझाउने र सम्पूर्ण नेपाली बीच एकजूटता विकसित गर्ने पवित्र लक्ष्यतिर लाग्नु जरुरी देखिन्छ । यसो हुन सकेन भने मधेसको जनताको आसन्न विद्रोह कसैले रोकेर रोकिन्न । त्यस्तो विद्रोह अन्तिम र निर्णायक हुने कुरामा समेत कुनै शंका राख्नु हुँदैन ।**

२. **राजनैतिक प्रतिनिधित्त्वको सवालमा अहिलेका निर्वाचन क्षेत्रहरुका स्थानमा औसत जनसंख्यामा आधारित निर्वाचन क्षेत्रहरु निर्धारित गरी राजनैतिक पार्टीहरुले उम्मेदवारहरु खडा गर्दा मधेसमा मधेसी, पहाडमा पहाडी र हिमालमा हिमाली मात्र खडा गर्ने तथा खडा उम्मेदवारहरुमा यथासम्भव जातिय र वर्गीय सामानुपातिक सन्तुलन मिलाउँदै ५० प्रतिशत महिला उम्मेदवार खडा गर्ने कानूनी व्यवस्था हुनु पर्दछ ।**

---

[#] नेपालको संविधान २०४७ को धारा ८ र ९

[*] Bista. Dor Bahadur - Fatalism & Dev.: Nepalese struggle in modernization तथा
उपेन्द्र यादवको कार्यपत्र : *नेपालको मधेसी समुदाय : संघीय प्रणाली र क्षेत्रीय स्वायत्तशासनको प्रश्न*

संविधानसभाको चुनावभन्दा पहिले अन्यायपूर्वक नागरिकता प्रमाण-पत्रबाट वंचित भएकाहरुलाई नागरिकता प्रमाण-पत्र प्रदान गरी सोही अनुसार मतदाता नामावलीमा संशोधन गरी संविधानसभाको चुनाव माथि लिखित सिद्धान्तको आधारमा गरिने व्यवस्था हुनु पर्दछ ।

३. सरकारले मधेसी र पहाडका जनजातिहरुका लागि शिक्षा, स्वास्थ्य, आवास, खानेपानी आदि क्षेत्रमा बढी लगानी गर्नुका साथै यिनका लागि सरकारी कर्मचारीतन्त्र, निजी उद्योग-व्यवसाय र न्यायसेवामा जनसंख्याको आधारमा आरक्षणको व्यवस्था गर्नु पर्दछ । रोजगारको क्षेत्रमा खास गरी सरकारी गैरसरकारी र विदेशी नियोगहरुमा भइरहेको पक्षपात र विभेदको तात्काल अन्त्य आवश्यक छ ।

४. शाहवंशीय शासन कालको अवधिमा शासनमा पकड जमाएर बस्नेहरुको हितलाई ध्यानमा राखी त्यसै अनुसार विकासका रणनीतिहरुको निर्माण हुँदै आएकोले पूर्वाधारहरुको निर्माणमा समेत विभेद भएको स्पष्ट छ । विकासका कार्यहरुलाई संतुलित रुपमा अगाडि बढाउन तथा भाषा, संस्कृति र भौगोलिकताको सिफारिस लाई ध्यानमा राखी प्रान्तहरु छुट्याइ स्थानीय साधन-श्रोतको अत्यधिक उपयोग तथा क्षेत्रीय/स्थानीय जनता तथा नेतृत्वको अपेक्षित सहभागिताको ग्यारन्टीका लागि संघीय शासन पद्धति अपनाउनु जरुरी छ । समावेशी लोकतन्त्रका पक्षधर विदेशी नियोग तथा दातृ संस्थाहरु यसबारे बढी साकांक्ष भइ स्वयं त्यस्ता नियोग वा दातृ संस्थाहरुको निर्णयका निकायहरुमा मधेसीहरुको भूमिकाको निश्चितताका लागि वातावरण बनाउनु पर्दछ ।

५. राजनैतिक पार्टीहरुले दल तथा तिनका भातृसंस्थाहरुका केन्द्रीय समितिहरुमा जनसंख्याको आधारमा मधेस तथा पहाडका लागि प्रतिनिधित्त्व आरक्षित गर्नु पर्दछ ।

६. पहाडबाट मधेसमा भइरहेको आन्तरिक बसाईं-सराईको बढ्दो गति निरुत्साहित गरिनु पर्दछ ।

■■■

## सन्दर्भ-सूची


- Bista. Dor Bahadur - Fatalism & Dev.: Nepalese struggle in modernization .
- CBS (2001). Population Census.
- ICIMOD (1997). *Districts of Nepal: Indicators of Development*. International centre for Integrated Mountain development, Kathmandu, Nepal, 1997.
- ISRSC (2004) *District Development Profile of Nepal 2004*. Informal Sector Research and Study Centre, Kathmandu, Nepal, August 2004.
- District Demographic profile of Nepal, Informal Sector Research & Study Centre, 2002,
- Dr. Ram Prakash Yadav,– Nepal Caste/Ethnic Representation in His Majesty's Government at policy level in Nepal
- Dr. Shree Govind Shah, Article– Social inclusion of Madheshi Community in nation building
-
- Gaige, FH (1975). *Regionalism and National Unity in Nepal*. Vikram Publishing House, Delhi, India, 1975.
- IIDS, The Fourth Parliamentary Election./Parliament Secretariat Records, Singha Durbar, Nepal, 1999

- NPC, HMG; Short description of the organization of National Planning Commission, Singha Darbar 2040 B.S.
- Parliament Secretariat Records, Singha Durbar, Nepal, 1999
- Sharma and Shah (2002)- New ERA, ICIMOD (1997)
- Gurung, H. (1998). Social Demography and Expressions, Kathmandu, Nepal, 1998
- Wikipedia, the free encyclopedia.
- उपेन्द्र यादवको कार्यपत्र : *नेपालको मधेसी समुदाय : संघीय प्रणाली र क्षेत्रीय स्वायत्तशासनको प्रश्न ।*
- डा. बाबुराम भट्टराई : मधेशी प्रश्नलाई हेर्ने दृष्टिकोण, लाल मधेश अंक १, २०६२ ।
- नेपालको संविधान २०४७ को धारा ८ र ९ ।
- ज्ञानमणि नेपाल, नेपालको पूर्वमध्यकाल इतिहास, २०५४ ।